# गमगढीमा करदाता शिक्षा कार्यक्रम सम्पन्न

आन्तरिक राजस्व कार्यालय जुम्लाले मुगु जिल्लाको सदरमुकाम गमगढी बजारमा उद्योग वाणिज्य संघ मुगुको समन्वयमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। २०८२ श्रावण १६ गते सञ्चालित कार्यक्रममा उद्योग वाणिज्य संघ मुगुका अध्यक्ष कमल बुढा तथा पदाधिकारीहरु, स्थानीय व्यापारीहरु लगायतको उपस्थिति रहेको थियो। कार्यालयका तर्फबाट कर अधिकृतहरु सचिन पौडेल, रोशन बस्नेत तथा भुपि पौडेलले प्रस्तुति दिनुभएको थियो। कार्यालयको तर्फबाट प्रस्तुती पश्चात अन्तरक्रिया भएको थियो जसमा आर्थिक ऐन २०८२ का छुट सुविधाहरु, उद्योगी व्यापारीले पालना गर्नुपर्ने नियम कानुनहरु, सुनचादी व्यवसायीले पालना गर्नुपर्ने नयाँ विजकको ढाँचा, कार्यालयले प्रदान गर्ने सेवाहरु लगायतका विषयमा छलफल भएको थियो। कार्यालयका प्रमुख कर अधिकृत प्रभात घिमिरेले कार्यक्रमको औतित्यका बारेमा उल्लेख गर्दै आन्तरिक राजस्व कार्यालय सदैव करदाताको सेवाका लागि तयार रहने जानकारी सहित कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने उद्योग वाणिज्य संघ मुगु तथा उपस्थित करदातालाई धन्यबाद प्रदान गर्नुभएको थियो। उद्योग वाणिज्य संघ मुगुका अध्यक्ष कमल बुढाले गमगढी बजारमा आएर कार्यालयले अन्तरक्रियात्मक कार्यक्रम गरेकोमा कार्यालयलाई धन्यबाट ज्ञापन गर्नुभएको थियो।

